नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

आज मिति २०७७ साल भाद्र १५ गते सोमबारका दिन जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेलको अध्यक्षतामा COVID-19 नियन्त्रण तथा रोकथामको लागि गठीत जिल्लास्तरिय Crisis Management Center को बैठक बसी देहायका एजेण्डामा छलफल गरी तपसिल बमोजिम निर्णयहरु गरियो ।

**उपस्थिति:**

| | | |
|---|---|---|
| क. प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेल, | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| ख. प्रमुख सेनानी श्री जितेन्द्र कुमार गौंली | श्री शेर गण, चोहर्वा | |
| ग. प्रहरी उपरिक्षक श्री उमाशंकर पँजियार | जिल्ला प्रहरी कार्यालय | |
| घ. सशस्त्र प्रहरी उपरिक्षक श्री दिपेन्द्र गिरी | सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण, हे.क्वा. | |
| ङ. उप. अनु. निर्देशक श्री रमेशचन्द्र यादव | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| च. सहायक प्रमुख जिल्ला अधिकारी श्री अनुज भण्डारी, | जिल्ला प्रशासन कार्यालय | |
| ज. नि.जिल्ला समन्वय अधिकारी श्री शिवेन्द्र मण्डल, | जिल्ला समन्वय समिति | |
| झ. मे.सु. डा. नागेन्द्र प्रसाद यादव | सिराहा अस्पताल | |
| ञ. प्रमुख, श्री कृष्णदेव यादव, | स्वास्थ्य कार्यालय, सिराहा | |
| ट. सभापति श्री राजदेव यादव, | नेपाल रेडक्रस सोसाइटी, जिल्ला समिति, सिराहा | |
| ठ. अध्यक्ष श्री प्रमोद पोद्दार | उद्योग वाणिज्य संघ, सिराहा | |
| ड. उपाध्यक्ष श्री संतोष कुमार अग्रवाल | सगरमाथा औषधि व्यवसायी संघ | |
| ढ. प्रतिनिधि श्री देवकुमार यादव | पत्रकार महासंघ, जिल्ला कार्यसमिति | |
| ण. अध्यक्ष श्री अशोक अमात्य | लहान उद्योग वाणिज्य संघ | |

**विशेष उपस्थिती(सल्लाहकार) :**

| | |
|---|---|
| समन्वय प्रमुख श्री रामचन्द्र ठाकुर | जिल्ला समन्वय समिति, सिराहा । |
| नगर प्रमुख श्री अशेश्वर प्रसाद यादव | सिरहा नगरपालिका । |
| नगर प्रमुख श्री मुनी साह | लहान नगरपालिका । |
| नगर प्रमुख श्री हरिनारायण चौधरी | धनगढीमाई नगरपालिका । |
| नगर प्रमुख श्री श्रवण कुमार यादव | मिर्चैया नगरपालिका । |
| नगर प्रमुख श्री गंगा पासवान | कर्जन्हा नगरपालिका । |
| अध्यक्ष श्री जागेश्वर यादव | विष्णुपुर गाउँपालिका । |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

## निर्णयहरु :

१. कोभिड १९ को संक्रमणलाई नियन्त्रण तथा रोकथाम सम्बन्धी विद्यमान व्यवस्थापनबारे बैठकमा छलफल भयो । यसमा जिल्लास्तरिय CCMCबाट मिति २०७७०५।०८, २०७७०५।१० र २०७७०५।१२मा भएको निर्णयको प्रभावकारी कार्यान्वयन एवंम ततसम्बन्धी दैनिक नियमित प्रतिवेदन गर्न सबै १७ वटै स्थानीय तहहरुलाई समेत पुनः अनुरोध गरी अनुगमन गर्ने गराउने ।

२. कोभिड १९ को रोकथाम तथा नियन्त्रण कार्यमा फ्रन्टलाईनमा खटिइएका सम्पुर्ण स्वास्थ्यकर्मीहरुको प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्ने, सुरक्षाकर्मीहरुको मनोबल उच्च बनाउन तथा सुरक्षाकर्मीहरुको बसोबास, खाद्यान्न र स्वास्थ्य सुरक्षा उपकरणको समुचित प्रबन्ध मिलाउने र लकडाउनको अवधिमा हुनसक्ने सुरक्षा चुनौतिहरुलाई प्रभावकारीरुपमा समाधान गर्ने तर्फ सुदृढ तथा प्रभावकारी सुरक्षा व्यवस्थापन गर्ने । साथै कानुन विपरितको कार्य गर्ने जोकोहीलाई नियन्त्रणमा लिई कानुन बमोजिमको कारवाही गर्ने ।

३. सिराहा जिल्लामा कोभिड १९ को संक्रमण व्यवस्थापनको हालको अवस्था देहाय अनुरुप रहेको बैठकमा अवगत भयो ।

| जिल्ला सिरहा | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनवाट फर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनवाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संयख्रा | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचार्थ | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु. | म. | ज. | | | | | | | | | |
| | ७ | ० | २१ | १४३० | १७७ | २१ | १९८ | ६८७१ | २०५ | १२७ | २३ | १५० | २७६ | ७३०४ | ७००५ | ४३३ | १५० | २७६ | ७ | ३७७५ | |

४. सिरहा जिल्लामा कोभिड १९ संक्रमणको जोखिम समुदायस्तर सम्म फैलन लागेको अवस्था रहेको । लहान, गोलबजार, मिर्चैया, धनगढीमाई, सुखिपुर, कल्याणपुर, सिरहा नगरपालिका र विष्णुपुर गाउँपालिका लगायतका स्थानीय तहहरुमा कोभिड १९ को संक्रमितहरुको संख्या बढ्दो क्रममा रहेको । सिरहा जिल्ला नेपाल भारत खुला सीमामा अवस्थित रहेको । सिरहा जिल्लामा २०७७ साल श्रावण ३२ गतेको दिनमा कोभिड १९ को ५८ जनामात्र पोजेटिभ व्यक्तिहरु रहेकोमा २०७७ साल भाद्र १४ गतेका दिन १५० जनामा कोभिड १९ को पोजेटिभ केश देखिएको । हालसम्ममा यस जिल्लामा ७ जनाको दुःखद निधन भएको ।

यस विचमा संक्रमण न्यूनीकरण गर्न अन्य उपायका अतिरिक्त मानिस मानिस विचको दुरी कम गर्न यहि २०७७ साल श्रावण ३२ गतेको राती १२:०० बजेदेखि २०७७ साल भाद्र १५ गते राती १२:०० बजेसम्म प्रमुख जिल्ला अधिकारीबाट अती आवश्यकीय काम बाहेक सिरहा जिल्लाभरका लागि निषेधाज्ञा जारी भएको ।

यस अवधिमा कोभिड १९ को संक्रमण जोखिम न्यूनीकरण गर्न कोभिड १९ को परिक्षणको दर र दायरा बढाइएको, आइसोलेशन कक्षहरुको विस्तार तथा अस्पतालमा प्रविधि थप्ने लगायतका कामहरुको गृहकार्य भै कार्यारम्भ भैरहेको ।

उपरोक्त पृष्ठभुमीमा **अझैपनि संक्रमण समुदाय स्तरमा फैलिरहेकोलाई न्यून गर्न आवश्यक देखिएको हुँदा यहि २०७७ साल श्रावण ३२ गते देखि कायम रहेको निषेधाज्ञालाई सिरहा जिल्लाभरको लागि निरन्तरता दिदै आज २०७७ साल भाद्र १५ गते राति १२:०० बजेदेखि ऐ भाद्र २७ गते राती १२:०० बजेसम्मको लागि अत्यावश्यकीय सेवा र काम बाहेक देहायका काम गर्न नपाउने गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ बमोजिम निषेधाज्ञा जारी गर्न सिफारिश गर्ने ।**

तपसिल :

क. अत्यावश्यकीय काम नपरी बाहिर ननिस्कने । अति आवश्यक काम परेर बाहिर निस्कनु परेमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड (मास्कको अनिवार्य प्रयोग गर्ने, साबनु पानीले बारम्बार हाथ धुने, स्यानिटाइजरको प्रयोग गर्ने) पालना गरेर मात्र बाहिर निस्कने ।

ख. कुनैपनि संस्था, निकाय वा व्यक्तिले **सार्वजनिक भेला, मेला लगाउने, भोज वा जमघटको आयोजना नगर्ने । धार्मिक स्थलहरुमा भेला तथा जमघट नगर्ने । आ-आफ्नो धार्मिक पर्वहरु घर भित्र नै मनाउने ।**

ग. **हाटबजार नलगाउने ।**

घ. सार्वजनिक सवारी साधनहरु नचलाउने ।

देहायका कामहरु स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्ड र प्रोटोकल पालना गर्ने गरी तपशिल अनुरुपमात्र गर्ने गराउने :

क. अति आवश्यक खाद्यान्न, ग्याँस, तरकारी, फलफुल तथा मासु जस्ता सेवा प्रदान गर्ने पसलहरु विहान ५:०० बजेदेखि विहान ९:०० बजेसम्ममात्र संचालन गर्ने ।

ख. बैंक तथा वित्तिय संस्थाहरु विहान १०:०० बजेदेखि मध्यान्ह १:०० बजेसम्म मात्र संचालन गर्ने ।

ग. सरकारी सार्वजनिक तथा गैरसरकारी क्षेत्रका कार्यालयहरुले आन्तरिक कार्य सम्पादन गर्ने । त्यस्ता निकायका पदाधिकारी वा कर्मचारीहरुले सम्बन्धित निकायबाट जारी आधिकारीक परिचयपत्र देखाई विहान ९:०० बजे देखि १०:३० बजे सम्म र साँझ कार्यालय समयको आधा घण्टा पहिले र आधा घण्टा पछिसम्म आवत जावत गर्न पाइने ।

घ. उद्योग/कलकारखाना, कृषि क्षेत्रमा स्वास्थ्य र सुरक्षा सावधानी अपनाई उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट जारी मापदण्ड एवंम प्रोटोकल पुरा गरी आफ्नो उद्योग परिसर भित्रै कार्य गर्ने ।

ङ. अस्पताल, औषधी पसल, एम्बुलेन्स, बारुणयन्त्र, विद्युत, दुरसञ्चार, इन्टरनेट सेवा, दुध तथा पानी ढुवानी एंवम तत्सम्बन्धी सेवा सुचारु रहने । साथै स्वास्थ्य कार्यालयबाट नियमितरुपमा संचालन हुने कार्यक्रमहरु जस्तै नियमित खोप कार्यक्रम, मातृ तथा शिशु स्वास्थ्य सेवा, परिवार नियोजन कार्यक्रमहरु ।

च. कोभिड १९ संक्रमित बाहेकका आकस्मिक विरामीलाई जुनसुकै सवारी साधनमा अस्पताल लैजान सकिने ।

छ. हरेक स्थानीय तहले VTM खरिद गरि स्वास्थ्य कार्यालय एवं सिरहा तथा लहान अस्पताल सँग समन्वय गरि संक्रमित व्यक्ति/समुदायको कोरोना संक्रमण सम्वन्धमा परीक्षणको दर र दायरा बढाउन अनुरोध गर्ने ।

ज. हरेक स्थानीय तहमा साविकमा हाटबजार लाग्ने दिनहरुमा अत्यावश्यकीय बाहेकका कुनैपनि पसलहरु नखोल्ने । अति आवश्यकीय पसलहरु बाहेकका विहान ८:०० बजे देखि विहान ११:०० बजेसम्म तपसिल शर्तहरु पालना गर्ने गरी मात्र संचालन गर्ने ।

**शर्तहरु :**

१. विक्रेताले अनिवार्यरुपमा मास्क, पञ्जा लगाएको हुनु पर्ने ।

२. विक्री स्थलमा विक्री गर्ने दुरी कम्तिमा २ मिटर कायम गरी आलोपालो गरी विक्री गर्ने व्यवस्था भएको हुनु पर्ने ।

३. क्रेताले अनिवार्य रुपमा मास्क लगाएको भएमा मात्र खरिद विक्री गर्ने स्थानमा प्रवेश गराउने ।

४. विक्री स्थल अगाडि हाथ धुने साबुन पानी वा स्यानिटाइजरको व्यवस्था भएको हुनु पर्ने ।

५. यसका लागि संवद्ध उद्योग वाणिज्य संघ, व्यपारिक संस्था र स्थानीय तहहरुले अनुगमन गर्ने तथा सुरक्षा निकायले नियमन गर्ने ।

झ. जारी निषेधाज्ञालाइ प्रभावकारी तुल्याउन र क्वारेन्टिनहरु समेत मापदण्ड अनुरुप तुल्याउन सवै स्थानीय तहलाई अनुरोध गर्ने ।

५. कोभिड १९ को संक्रमणबाट प्रभावित हुनेहरुको संख्या बढ्दो रुपमा रहेको हुनाले त्यस्तो शंकास्पद समुह तथा व्यक्तिहरुको पहिचान गरी समुदायस्तरमा परिक्षण गर्नको लागि VTM को अभाव हुन गएको साथै कोभिड १९ को संक्रमण समुदाय स्तरमा जान सक्ने संभावना देखिएकोले यस जिल्लाको लागि कम्तिमा पनि १५ हजार VTM आवश्यक पर्ने भनी विभिन्न समयमा सम्बन्धित निकायमा VTM मागको लागि लेखापढि गरिरहँदा पनि उपलब्ध हुन नसकेकोले हालको अवस्थामा यस जिल्लाको लागि आवश्यक VTM १५००० (पन्ध्र हजार) थान उपलब्ध गराई दिन प्रदेश सरकार र संघिय सरकारमा पुनः अनुरोध गर्ने ।

६. यस जिल्लामा कोभिड १९ को संक्रमणबाट हालसम्म ७ जना व्यक्तिको मृत्यू भैसकेको र निजहरुको शवलाई सद्गत गर्ने कार्य जिल्लास्थित सुरक्षा निकाय(नेपाली सेना)हरुको संलग्न रहेको । साथै कोभिड १९ को संक्रमणको बढ्दो क्रममा रहेको हुनाले आगामी दिनमा पनि कोभिड १९ बाट संक्रमितहरुको मृत्यू हुन सक्ने संभावना रहेकोले गर्दा संक्रमितको मृत्यू भई शवको सद्गत गर्ने कार्यमा संलग्न रहने सुरक्षाकर्मीहरुलाई सम्बन्धित स्थानीय तहहरुले शवको सद्गत गरेबापत अभिलेख राखी प्रोत्साहन भत्ता रकम उपलब्ध गराउन अनुरोध गर्ने । साथै यस अघिको ~~समितिको~~ DCCMC को निर्णयानुसार शवको सदगत गर्ने स्थानको पहिचान गरी पठाउनको लागि लेखि पठाइएकोमा केही स्थानीय तहहरुबाट लेखि आएको तर धेरैजसो स्थानीय तहहरुबाट शवको सदगत गर्ने स्थानको बारेमा लेखि नआएकोले कोभिड १९ को संक्रमणबाट निधन हुने व्यक्तिहरुको लागि सदगत गर्ने स्थानको स्पष्ट पहिचान गरी चार किल्ला खोली तत्काल पठाउनको लागि सबै १७ वटा पालिकाहरुलाई अनुरोध गर्ने ।

७. कोभिड १९ को संक्रमित विरामीहरुको संख्या दिन प्रतिदिन बढ्दै गइरहेको अवस्थामा कोभिड १९ को केश व्यवस्थापनलाई थप प्रभावकारी बनाउनको लागि जारी भएको "कोभिड १९ केशको आइसोलेशन व्यवस्थापन सम्बन्धी निर्देशिका २०२०" को निर्देशन नम्बर २.२ घरमा आइसोलेशन राख्ने सम्बन्धी व्यवस्था बमोजिम उपलब्ध अस्पतालहरुको सीमित क्षमतालाई समेत मध्यनजर गरी लक्षण तथा चिन्हहरु नभएको (Asymptomatic) र सामान्य लक्षण तथा चिन्हहरु भएका (Mild) केशहरुको घरमै राखि समेत व्यवस्थापन गर्न सकिने । निर्देशिकामा उल्लेख भएका मापदण्डहरुको पुर्ण पालना हुने अवस्थाको सुनिश्चितता भएमा सम्बन्धित स्वास्थ्यकर्मीको निर्देशन तथा अनुगमन बमोजिम होम आइसोलेशनको लागि सिफारिश भई आएमा नेपाल सरकारबाट जारी निर्देशन बमोजिम स्वास्थ्य कार्यालयबाट स्वीकृती दिने ।

स्थानीय तहले संचालन गर्ने वा स्थानीय तहको प्रारम्भीक सिफारिशमा स्वास्थ्य कार्यालय सिरहाले स्वीकृत गरेका आइसोलेशन होम आइसोलेशनको विवरण स्वास्थ्य कार्यालयले नियमित रुपमा सिरहा अस्पतालमा दिने ।

सिरहा अस्पतालले डिस्चार्ज वा रेफर गर्ने ।

स्थानीय तहको आइसोलेशनको खर्च सम्बन्धित स्थानीय तहले नै व्यहोर्ने ।

८. कोभिड १९ को परिक्षणको दर तथा दायरा बढाउदै लैजाने क्रममा जिल्लाका स्थानीय तहका स्वास्थ्य शाखाहरुबाट कोभिड १९ को परिक्षणको लागि स्वाव संकलन कार्यमा नेपाल सरकारबाट जारी भएको "National Testing Guidelines for COVID-19" Version 3, 2077/04/14 बमोजिम प्राथमिकता कायम गरी गर्नको लागि १७ वटै स्थानीय तहहरुमा लेखि पठाउने ।

1. All symptomatic cases (Fever or cough or shortness of breath or Loss of Taste or Loss of Smell or Diarrhoea).
2. All contacts with confirmed cases.
3. All patients with severe acute respiratory illness (SARI).
4. All returnees (Ground crossing: at PoE; Air Route: at Quarentine within 5-7 days of arrival.)
5. All frontline healthcare workers or security persons and other frontline workers.
6. All individuals with history of travel to COVID 19 transmission areas during the last 14 days.
7. All ICU cases.
8. Any Individual with underlying chronic conditions, immunocompromised conditions, especially for individuals over than 60 years age.
9. Pre-operative cases based on clinical judgement (But for emergency procedures/surgery do not wait for report).
10. For discharge of moderate/severe/critical cases of COVID-19 based on clinicial judgement but test is not required for asympromatic/mild cases who have completed 14 days(at least 3 days without symptoms).

९. कोभिड १९ को संक्रमणहरुलाई ओसार पसार गर्ने कार्यमा खटिइएका एम्बुलेन्स चालकहरुलाई संक्रमितहरुलाई उद्दार गरिएको अभिलेख कायम गरी संक्रमितहरुको उद्दार गर्ने कार्य भएको दिनको एम्बुलेन्स चालकलाई प्रोत्साहन भत्ता सम्बन्धित एम्बुलेन्स संचालकले उपलब्ध गराउन पुनः ताकेता गर्ने । साथै एम्बुलेन्स प्रयोग भएको दिनको अभिलेख राखी सवारी इन्धन सम्बन्धित पालिकाले उपलब्ध गराउने ।

१०. नेपाल सरकारबाट स्वीकृत मिति २०७७।०३।१५ भई जारी भएको कोरोना भाईरस (कोभिड १९) को संक्रमणको उपचार बापत अस्पताललाई अनुदान उपलब्ध गराउने सम्बन्धी आदेश, २०७७लाई संशोधन गर्न बनेको आदेशको अनुसुची १ दफा ५ सँग सम्बन्धित संकास्पद तथा संक्रमित व्यक्तिहरुको उपचार बापत उपलब्ध गराउने लागत रकम सम्बन्धी क्रमसंख्या १ बमोजिम लक्षण नभएका वा सामान्य लक्षण भएका विरामीहरुलाई घरमा आइसोलेशन गरी राख्ने र सो घरको आइसोलेशनमा स्वास्थ्यकर्मीले क्लिनिकल निगरानी गर्दा लाग्ने खर्च प्रतिदिन रु २००।००( अक्षरमा दुइसय) का दरले प्राप्त हुने व्यवस्था भएकोले सोही अनुसार कुन कुन होम आइसोलेशनमा कुन महिना, दिन, र समयमा गएको हो सो को अभिलेख कायम गरी गर्न गराउनको लागि १७ वटै पालिकाहरुमा लेखि पठाउने ।

११. यस जिल्लामा रहेका सबै स्थानीय तहहरु (१७) ले कोभिड १९ संक्रमण जोखिम न्यूनिकरण गर्ने सिलसिलामा जोखिम भत्ता लिएको भए कुन कुन क्वारेन्टाइन वा आइसोलेशन र Contact Tracing गर्ने काममा कुन महिना, दिन, र समयमा के काम गर्न फिल्डमा खटिए बापत के कति रकम जोखिम भत्ता लिइएको र त्यस्तो भत्ता लिने कानुनी आधार समेत ३ दिन भित्र खुलाई पठाउन सबै स्थानीय तहहरुमा अनुरोध भएकोमा तुरुन्त विवरण पठाउन जिल्ला समन्वय समितिको कार्यालय मार्फत पुनः सूचित गरी तत्काल अनुगमन गर्ने ।

१२. सिरहा तथा लहान अस्पतालबाट छुट्टा छुट्टै रुपमा शव वाहन खरिद गर्ने प्रकृयाबाट प्राप्त हुनको लागि केही समय लाग्ने भएकोले गर्दा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखामा रहेको मारुती एम्बुलेन्सलाई रेडक्रस सोसाइटीबाटनै मर्मत गर्ने र सो सवारी साधन लागि आवश्यक ब्याट्री सिरहा अस्पतालबाट उपलब्ध गरी हालको अवस्थामा शववाहनको रुपमा सिरहा अस्पतालले संचालन गर्ने भनी मिति २०७७।०४।३२मा निर्णय भएकोमा सो सवारी साधन विग्रीरहने भएकोले शववाहनको भरपर्दो व्यवस्था नहुन्जेलको लागि जिल्ला नेपाल सामुदायिक विकास केन्द्र, विष्णुपुरको स १ च ६९३ नम्बरको एम्बुलेन्सलाई शववाहनमा परिणत गरी सिरहा अस्पताल अन्तर्गत रहने गरी शववाहन संचालन गर्ने ।

१३. कोभिड १९ को संक्रमित विरामीहरुको संख्या दिन प्रतिदिन बढ्दै गइरहेको अवस्थामा जिल्ला भित्रका अस्पतालहरुमा आइसोलेशन वेडको संख्या न्यूनमात्रामा रहेको हुँदा लक्षण देखिएका विरामीहरुको लागि समेत वेडको अभाव हुने देखिएकोले जिल्ला भित्रका सबै स्थानीय तहहरुमा रहेका प्राथमिक स्वास्थ्य केन्द्रहरुमा न्यूनतम ५ वेडको आइसोलेशन वार्ड तयार गर्ने र सो को लागि आवश्यक श्रोत साधनको लागि प्रदेश सरकारसँग समन्वय गर्नको लागि अनुरोध गर्ने । हाल संचालनमा रहेका प्राथमिक स्वास्थ्य केन्द्रहरुलाई कोभिड १९ को क्लिनिकको संचालन गर्न भएअनुसार आवश्यक श्रोत साधन सम्बन्धित स्थानीय तहले व्यस्थापन गर्ने र नपुग हुने श्रोत साधनको लागि प्रदेश सरकारसँग माग गर्नको लागि सबै स्थानीय तहहरुमा अनुरोध गर्ने ।

१४. कोभिड १९ संक्रमणको जोखिम न्यूनीकरण गर्न प्रदेश सरकार प्रदेश नं. २ का माननीय मुख्यमन्त्री, माननीय सामाजिक विकास मन्त्रीज्यू समेतको उपस्थितीमा २०७७ भाद्र १४ गतेका दिन सिरहाको लहान नगरपालिका स्थित दरवार होटलको सभाकक्षमा सिरहा र सप्तरी जिल्लाका जिल्लास्तरिय CCMCको पदाधिकारीहरुको संयुक्त छलफल भएको । सो छलफल कार्यक्रममा सिरहा जिल्लाको तर्फबाट प्रदेश सरकारसँग देहायका अपेक्षा प्रस्तुत भएको व्यहोरा बैठकमा अवगत भयो ।

- समयमै बजेटको निकाशा ।
- कुन निकायलाई के कामको लागि के-कति बजेट विनियोजन भएको छ भन्ने विषयमा DCCMC को जानकारीका लागि जिल्ला प्रशासन कार्यालयका, साथै जिल्ला समन्वय समिति समेतमा सँग-सँगै जानकारी दिइनु आवश्यक देखिएको ।
- आइसोलेसनमा रहने संक्रमितहरुकालागि खाना/खाजाको कच्चा सामाग्री टेण्डर नगरि तयारी खाना/ खाजा नै प्रति व्यक्ति प्रति दिन ठिक समयमा सप्लाई गर्ने कार्यादेश प्राप्त हुनु पर्ने ।
- PCR ल्याव स्थापना ।
- VTM को नियमित निकासा ।
- होल्डिङ्ग प्वाइन्ट तथा क्वारेन्टिनकालागि बजेट ।
- स्वास्थ्यकर्मी/सुरक्षाकर्मी/एम्बुलेन्स तथा शव बाहन चालकको नीजि सुरक्षा सामाग्रीको थप निकासा।
- नरहा गा.पा.को चोहर्वा स्थित ने.रे.सो. भवन, च.मा.वि.- सिरहा र महेन्द्र गेनाई कोभिड अस्पताल तथा जिल्ला प्रशासन कार्यालयमा डिप बोरिङ्ग जडान र खानेपानी पाइप लाईन सप्लाईकोलागि भूमिगत जलश्रोत सिंचाई विकास डिभिजन कार्यालय सिरहालाई अख्तियारी दिनु पर्ने ।
- क्वारेन्टिन तथा आईसोलेसनमा पुग्न गएको क्षति समेतको मर्मत संभार हुन बजेट निकासा हुनु पर्ने ।
- एउटा शव बाहन वा सो कालागि बजेट निकासा हुनु पर्ने ।
- सिरहा अस्पताल द्वारा संचालित महेन्द्र गेनाई कोभिड अस्पताल, धनगढीमाईमा ५ बेडको भेन्टिलेटर सहितको ICU कक्ष र थप २५ बेडको प्रिफ्याड आइसोलेसन वार्ड समेत संचालन गर्न बजेट रु १,००,००,०००/- (रु. एक करोड ) बिनियोजन गर्नु पर्ने।
- सिरहा /लहान अस्पतालबाट रेफर भई जाने बिरामीहरुलाई प्रादेशिक अस्पताल जनकपुरधाममा घण्टौ कुर्नु पर्ने अवस्थालाई अन्त्य गरिनु पर्ने ।
- सर्प दंशका विरामी समेतकालागि एण्टी स्नेक भेनमको नियमित निकासा हुन अति आवश्यक रहेको ।